यस कार्यालयको लागि आवश्यक तपसिल बमोजिमको मोटरसाईकल सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा (१) क ८ तथा सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ३१ ख बमोजिम उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बिच प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) बिधि बाट खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता प्रमाणपत्र, मु अ क दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ व २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख. को उपनियम (२) अनुसार उत्पादकको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुबिधासहितको बिबरण (क्याटलग वा ब्रोसर) संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन अर्थात मिति २०७८।११।२२ गते दिउसो १२ बजे भित्र यस कार्यालयमा सिलबन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ। मिति २०७८।११।१२ गते दिउसो १२ बजे भित्र यस कार्यालयमा दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरु सोही दिन दिउसो २ बजे खोलिने ब्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ । खरिद सम्वन्धी थप जानकारीको लागि कार्यालयको आधिकारिक नम्वर ९८५८०२०३६३ ,९८४६६०५९६१ मा सम्पर्क राख्न सकिने छ।

तपशिल

| सि.नं. | साधनको नाम | संख्या | संक्षिप्त विवरण | कैफियथ |
|---|---|---|---|---|
| १ | Motorcycle | 2 | Suitable for off road,shall have seating capacity at least 2 passenger, minimum 1 cylinder, Engine displacement not less then 200cc,oil cooled petrol engine ,developing maximum rated power output not less then 20bph at governed rpm,developing torque not less then 20Nm, price not exceeding six lakhs fifteen thousand inclusive of all taxces (6,15,000) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुने छ। |

नि.प्रमुख प्रशासकिय अधिकृत


**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd.
A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोटः
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
१६ फागुन २०७८, सोमबार
28 February 2022, Monday

## सम्पादकीय

### नेतृत्वको बाँकी कार्यभार

चार वर्ष भन्दा लामो समयदेखि विवादित रहेको अमेरिकी सहायता परियोजना एमसीसी अन्ततः अनुमोदन भएको छ, त्यो पनि सत्ता साझेदार गठबन्धनकै बहुमतबाट । एक साता अगाडि (गएको ८ फागुनमा) प्रतिनिधिसभामा पेश भएको एमसीसी 'व्याख्यात्मक घोषणा' राखेर अनुमोदन गरिएको हो । सत्ता साझेदार दलका शीर्ष नेताहरूबीच जुटेको सहमतिअनुसार, आइतबार बसेको मन्त्रिपरिषद् बैठकले एमसीसीको व्याख्यात्मक घोषणा प्रस्ताव गरिएको थियो । दिउँसो एक बजेपछि शुरू भएको प्रतिनिधिसभा बैठकमा एमसीसीमाथि छलफल भएको थियो । एमसीसी सम्झौताको पक्ष र विपक्षमा बहस भएपछि सरकारले 'व्याख्यात्मक घोषणा' ल्याउने निर्णय गरेको थियो । सरकारको पुरक प्रस्ताव र एमसीसी सम्झौता एकसाथ निर्णयार्थ प्रस्तुत गरिएको थियो । सभामुख अग्निप्रसाद सापकोटाले सत्ता गठबन्धनका सांसदहरूको बहुमतबाट एमसीसी अनुमोदन भएको घोषणा गरे ।


एमसीसी सम्झौतालाई राष्ट्रियतासँग जोडेर अगाडि बढाइएको थिएन । २९ भदौ २०७४ मा सम्झौता भएको एमसीसीकै कारण चर्किएको मतभेद समाधान हुन नसक्दा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन भएको थियो । त्यसबेला प्रधानमन्त्रीको हैसियतमा केपी शर्मा ओली एमसीसी अनुमोदनको पक्षमा थिए । तर पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालले एमसीसी संशोधन बिना अनुमोदन गराउन नहुने नेताहरूलाई साथ दिएका थिए । त्यसैकारण नेकपा विभाजित भयो । विकसित राजनीतिक घटनाक्रममा अहिले ओली नेकपा एमालेका अध्यक्ष छन् भने प्रचण्ड माओवादी केन्द्र र माधव नेपाल एकीकृत समाजवादीका अध्यक्ष छन् । आइतबार एमसीसी अनुमोदन भइरहँदा एमाले नाराबाजीमै सीमित भयो भने प्रचण्ड र माधव नेपालको साथ लिएर नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले एमसीसी अनुमोदन गराए ।

तर समस्या हल भइसकेको छैन । किनकि बितेको चार वर्षमा एमसीसीबारे जस्तो मनोविज्ञान बनेको छ । त्यो मेट्न सजिलो छैन । विशेषगरी नेकपाकालमा एमसीसीबारे बनाइएको मनोविज्ञानले समाज विभाजित छ । सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका कार्यकर्ताले एमसीसीविरूद्ध लामो समय प्रदर्शन गरेका छन् । नेतृत्वले भन्नासाथ त्यो तत्काल मेटिने अवस्था छैन । एमसीसी देश हितको पक्षमा छ वा घातक छ भन्ने बहस लामो समय चल्ने नै छ, भविष्यमा देखिने पनि छ । त्यसैबेला उपयुक्त निर्णय समेत लिइने नै छ । तर तत्कालको कार्यभार भने विभाजित मनोविज्ञानबीच एकता कायम गरी मुलुकको पक्षमा सही धारणा निर्माण गराउनु हो र त्यो जिम्मेवारी नेतृत्वकै हो ।

# एमसीसीमा व्याख्यात्मक घोषणा र भ्रम

**एमसीसी सम्झौता अनुमोदन पछि संसदका व्याख्या, संकल्प वा संशोधनको अर्थ जनमतलाई भ्रमित गर्नु बाहेक केही लाग्दैन । र, सबै प्रतिबद्धता केवल देखाउने दाँत मात्रै हुन ।**

*अग्रलेख*



● लेखराज रेग्मी

फेरि एकपटक महाकाली सन्धीको झल्को आउँदैछ । सिधासिधा जनतालाई झुक्याउने काममा सफलता हात नलागेपछि यसले फरक कोर्षमा प्रवेश गर्दैछ । सम्झौताको नेपालका नियम कानुन बाझिएको हदसम्म लागु नहुने कुरा प्रष्ट छ । यसलाई अनुमोदन पछि संसदका व्याख्या, संकल्प वा संशोधनको अर्थ जनमतलाई भ्रमित गर्नु बाहेक केही लाग्दैन । र सबै प्रतिबद्धता केवल देखाउने दाँत मात्रै हुन ।

अमेरिकी सरकार र एमसीसीले संशोधन हुँदैन भनिसकेको सन्दर्भमा धेरै नाटकहरू आवश्यक छैनन् । यति खतरनाक प्रावधानबारे सचेत हुन सकिएन तर, अब गल्ती दोहोऱ्याइँदैछ भनेर जनतालाई आश्वस्त गर्दै खारेजीको पक्षमा लागुन् । चीनको संवेदनशीलतालाई वेवास्ता गर्नु गल्ती भएको स्वीकार गर्दै कुटनैतिक कमजोरी सच्याउन आवश्यक छ । जतिसुकै सत्तोसराप गरेपनि रूस युक्रेनको संवेदनशिलतालाई नजरन्दाज गर्ने छैन र नाटोलाई स्वीकार गर्ने छैन । युद्धमा आणविक ताकतको प्रयोग हुनसक्ने र यसले दुनियामा निम्ताउन सक्ने क्षतिबारे अमेरिका पनि संवेदनशील छैन । यो मानवद्वेशी आचरणलाई प्रजातन्त्रको नाममा समर्थन गर्नेहरु पनि मानवद्वेशी नै हुन । यही कुरा स्वाभिमान नेपाल र चीन सम्बन्धमा लागु होस् भनेर बहस गरिरहेकाहरु पनि मानवद्वेशी नै हुन भन्न हिचकिचाउनु पर्ने छैन । आफैले तनाव निम्ताएर चीनको विरोध गर्नुको पनि तुक रहने छैन ।



दासता र नीगाह स्वतन्त्रता होइन । चीन वा अमेरिकाको दासता दासता नै हुन्छ । हाम्रो भौगोलिक र राजनैतिक सम्प्रभूता हाम्रो स्वाभिमानको बलमा मात्रै कायम रहन्छ । भारत वा अमेरिकाको टाङ मुनिबाट चीन बिरोधी हरकत भनेकै चीनलाई नेपाली भूमिमा भारत र अमेरिकाविरुद्ध लड्ने कुरुक्षेत्र बनाइदिने र देशलाई मरुभूमि बनाउने  नै हुन्छ ।

नेपालमा नेपाली चिन्तन होइन, नेपाली प्रजातान्त्रिक सोच होइन प्रो-इन्डियन प्रो-चाइनिज वा प्रो-अमेरिकी धाराहरु देखिँदैछन् र बाँकी पनि यसै वरिपरि चक्कर काटिरहेका छन् । अर्थात् नेपाली भएर सोचेको देखाउनेहरु पनि धर्म या आस्थाको नाममा भारतीय साम्प्रदायिकता का पिछलग्गु छन् र आफुलाई ढाकछोप गर्न राजतन्त्रको गीत गाउने गर्दछन् वा धार्मिक स्वतन्त्रताको नाममा अमेरिका र इयुको पक्षपोषक बनिरहेका छन र इसाइकरण प्रति नरम रवैया अपनाइरहेका छन । यीनिहरुको एकत्व कम्युनिष्ट बिरोधी आत्मसमर्पणवादी राजनीतिमा देखिन्छ । यस्तै आचरण र व्यवहारमा अमुल परिवर्तनको विपक्षमा देखिने 'बामपन्थ'को वियोगान्त के छ भने नवउदारवादलाई आत्मसात गर्दै उपरोक्तहरूसँगको प्रतिष्पर्धामा चीनको सहानुभूति पाउनु र बलियो महसुस गर्नु उनीहरुको नियती बनिरहेको छ । अत्यन्त अविश्वसनीय ढुलमुल र अवसरवादी चरित्र र चिन्तन नै यिनीहरुको पूँजी बनिरहेको छ, जसको बजार निकै कमजोर छ ।

> चीन वा अमेरिकाको दासता दासता नै हुन्छ । हाम्रो भौगोलिक र राजनैतिक सम्प्रभूता हाम्रो स्वाभिमानको बलमा मात्रै कायम रहन्छ । भारत वा अमेरिकाको टाङ मुनिबाट चीन बिरोधी हरकत भनेकै चीनलाई नेपाली भूमिमा भारत र अमेरिकाविरूद्ध लड्ने कुरूक्षेत्र बनाइदिने र देशलाई मरूभूमि बनाउने  नै हुन्छ ।

वास्तवमा कम्युनिष्ट बन्नु भनेको देश काल परिस्थीतिको ठोस र सटिक विवेचना गर्नु राजनैतिक ध्येय उद्देश्यप्रति दृढ र स्पष्ट रहँदै परिस्थितिका आधारमा लचकता कायम गर्नु, देश र जनतालाई प्राथमिकतामा र सैद्धान्तिक वैचारिक प्रष्टता र प्रतिबद्धतालाई निर्देशक मान्दै आचरण व्यवहारमा फरक पहिचान कायम राख्दै श्रमजीबि वर्गलाई सर्वोपरि राखेर तदनुकुल समर्पित रहनु हो । यसको वरिपरी गोलवन्द जनसमुदाय नै यसको ताकत हो । आफ्नो मोलतोल बढाउन जनतालाई आन्दोलनको लागि अपिल त गर्ने तर, जनता संघर्षमा उत्रिदा आतंकित हुनेहरु न देश भक्त हुन सक्छन् न जनपक्षिय न त कम्युनिष्ट नै । आज यसैको अभाव बढ्दै गर्नु नै ठुलो चुनौति भैरहेको छ । एमाले र माओवादीको समर्थनको नाममा विभिन्न सामाजिक संजालहरुमा यस्तो प्रकारको अवसरवाद हदैसम्म चलमलाइरहेको पाइन्छ । साथै नेका र प्रजातन्त्रको ट्रेडमार्क देखाउँदै गुलामीको सौदाबाजी गर्नेहरु पनि देश जनता र परिवर्तनको बिरोधीको रुपमा देखा परिरहेका छन् ।

एमसीसी नेपालका लागि उपयुक्त प्रोजेक्ट हो या होइन भन्ने बहस विभिन्न सम्झौताको लिखतहरुमा आधारित भएर चल्दा नै पर्याप्त प्रमाणहरुले यसलाई राष्ट्रघातको रुपमा प्रमाणित गरिरहेको सन्दर्भमा  लिखत बाहिरबाट पनि यसलाई अध्ययन गरिनुपर्ने भन्ने देखिन्छ ।

क) भौगोलिक संवेदनशिलता र हाम्रो परराष्ट्रनीति तथा हाम्रा मानकहरु ।
ख) अन्तर्राष्ट्रिय अन्तरबिरोध र शक्ति सन्तुलन ।
ग) राजनैतिक अर्थशास्त्रिय कोणबाट यसको औचित्य ।
घ) हाम्रो विकास प्राथमिकता ।
ङ) दाताका अन्तर्राष्ट्रिय अभिरुची र यसको हाम्रो राष्ट्रिय हितसँगको सम्बन्ध ।

उपरोक्त बुँदाहरु बारे छलफल नचलाइकन केही निस्कर्ष राख्न चाहन्छु । यो सम्झौतामा दुइवटा परस्पर विरोधी कुरा देखियो । यसलाई बहसमा नलगि अगाडि बढाउने प्रवृत्ति, सम्झौताका सबै लिखतहरु सरोकारवालाहरुको बिचमा उपलब्ध नराउने जनताको बिचमा छलफलमा जान नदिने र तथ्यलाई लुकाएर अतिरञ्जनापूर्ण विज्ञापन प्रसारण गर्दै जनतालाई झुक्याउने प्रवृत्ति नेपाली राज्यसत्ताको यो आम पवृत्ति हो । यसलाई जनसम्प्रभूताको अभ्यास गर्ने थलो संसदमा लगेर अनुमोदन गर्ने प्रावधान ।

स्वभाविक ढंगले पहिलो प्रवृत्ति जनविरोधी प्रवृत्ति हो र नेपाली समाजको प्रजातान्त्रिकरणमा यो ठूलो अवरोध हो । सम्झौताको गुप्त स्वार्थ र कथित प्रजातान्त्रिक प्रणालीको पुँजीवादी अधिनायकवादी चरित्रको यो सक्कली प्रमाण हो । कार्यान्वयन भैरहँदा जनताले बिरोध गरिरहँदा राज्य शक्तिको दुरुपयोगलाई वैधानिकता दिन यसलाई संसदमा लैजाने कुरा फटाहा चाल हो । तर, यो प्रकृयामा प्रवेश गरेकै कारण कार्यान्वयन पूर्व नै जनताले थाहा पाउन र जनचासो बढ्न सम्भव भएको छ । पछिल्ला संसदलाई प्रभावित गर्ने अमेरिकी र नेपाली सत्तापक्षका क्रियाकलाप जनअधिकार र प्रजातान्त्रिक मान्यता विपरित छन । यसरी एमसीसीको सम्पूर्ण अन्तरवस्तु प्रक्रिया र जोरजबरजस्ती नेपाल र नेपालीको विरुद्धमा छ भन्ने छर्लङ्गै छ । यस्तोमा पनि काइते तर्क र अरुचीकर गतिबिधी सबै जनताको सार्वभौम सम्प्रभूताको लागि आपराधिक कार्य हुन । प्राविधिक रुपमा सफल वा असफल जे होला नेपाली जनताको तर्फबाट सजाय पाउनुपर्ने काम भैरहेको छ । यो रेकर्डेड भैरहने छ ।

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाईं**

सुगौली सन्धि, महाकाली सन्धि, पछि एमसीसी ! नेपाललाई खत्तम पार्न चाहने दुश्मन देशभित्रै छन् । घरभेदीहरू मक्ख नपर्नु, चौरासी हजार वर्ष पछि पनि गद्दार कहलाउने छौं, माफि मिल्दैन !



**- योगेश भट्टराई**

प्रतिनिधिसभाको आजको बैठकमा नेपाली कांग्रेसका वक्ताहरूले गठबन्धन दलका सदस्यहरूलाई सिस्नुपानीले ओर्काइ फर्काइ चुटेको चुट्यै गर्दा उहाँहरू चै भिजेको बिरालो जस्तै उँधो मुण्टो गरेर बसेको दृष्य टिभीको प्रत्यक्ष प्रसारणमार्फत सबैले हेर्न पाए । सत्ता र स्वार्थको बाध्यता !



**- कमल पौडेल**

एमालेले बिरोध वा सर्मथन तिर निस्केर आफ्नो पार्टीको लिङ्ग प्रष्ट पार्नुपर्ने थियो ! ठूलो दल एमालेको हैसियत गम्भिर विषयमा चुप लाग्नु भनेको अनिर्णयको बन्दी पार्टी हो भनी बुझ्नु पर्छ । त्यसैले एमालेलाई न भाले न पोथी पाटी भन्ने त होला अब !



**- राजेन्द्रप्रसाद सापकोटा**

आउँदो निर्वाचन पछि पास गर्दा राष्ट्रघाती नहुने ? सहमतिमा पास गर्दा पनि राष्ट्रघाती नहुने तर, गठबन्धनको बहुमतले पास गर्दा राष्ट्रघाती हुने यो कस्तो राष्टवाद हो ? गलत हो भने त जहिले गरे पनि गलत नै हुनु पर्ने होइन र भन्या ? राष्ट्रवादको परिभाषा पनि आफु अनुकुल हुन्छ र ?



**- डम्मर खतिवडा**

"व्याख्यात्मक टिप्पणी" कमरेड प्रचण्ड र माधव नेपाललाई लाज ढाक्ने लगौटी हो भने सम्पूर्ण नेपालीका लागि विश्वसामु मूर्ख सावित गर्ने खोष्टो । सम्झौतामा भएकै कुरालाई दुई/चार शब्द थपथाप गरि टिप्पणी बनाएर नेपाली जनता सम्झौता पढ्न जान्दैनन्-अंग्रेजी बुझ्दैनन् भन्ने विश्व सन्देश दियौं ।

# एमसीसी : भ्रम र यथार्थ

**द्विपक्षीय सम्झौतामा कुनै एक पक्षको व्याख्यात्मक घोषणाको कानुनी महत्व कम नै होला, तर शून्य भन्ने त हुँदैन । त्यसमाथि पनि एमसीसी आफैले लिखित रूपमा यसको व्याख्या गरिसकेकाले उसले हाम्रो व्याख्या स्वीकार गर्न सक्छ । तर, यो कुनै नयाँ र क्रान्तिकारी उपाय भने होइन ।**

*टिप्पणी*



● नारायण गाउँले

एमसीसी पूर्वाधार निर्माणमार्फत् गरिबी निवारण गर्ने एउटा विकास सम्झौता थियो । पचास अर्ब रुपैयाँ हातहातै बाँडे पनि तीन करोड जनसंख्या रहेको देशमा गरिबी निर्मूल हुने कुरो भएन । कुन क्षेत्रमा बन्ने पूर्वाधारले दीर्घकालीन रूपमा अधिकतम नागरिकलाई गरिबीको रेखाबाट माथि उठाउन सक्छ भन्ने हाम्रो आफ्नै अध्ययन र निचोडले सडक र विद्युत् क्षेत्र छानेको हो । सडक आफैमा पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । हाम्रो लागि सबैभन्दा ठूलो र महँगो आयात पेट्रोलियमलाई विस्थापन गर्दै ऊर्जा निर्यातसम्म जान सकिने क्षेत्र विद्युत् हो भन्ने हामी धेरैको बुझाइ नै रहेको छ । निर्यात नै गर्न नसके पनि पेट्रोलियम आयात आधा घटाउन सकियो भने समृद्धिको पहिलो ढोका खुल्न सक्छ । त्यसैले यी दुई क्षेत्रलाई प्राथमिकतामा राखेर हामीले एमसीसी कम्प्याक्ट तयार गरेका थियौं ।

सडक सञ्जालले कसरी गरिबी घटाउँछ भन्ने हामीलाई अनुभवमूलक ज्ञान नै छ । विद्युत् उत्पादन आफैमा एउटा नाफामूलक उद्योग हो । नाफा हुने भएपछि यसमा सरकार, निजी क्षेत्रदेखि वैदेशिक लगानीसम्म सजिलै भित्रिन सक्ने भए । जुन पूर्वाधार नभई हुँदैन तर, प्रत्यक्ष नाफा नदेखिने हुनाले निजी क्षेत्रले लगानी गर्न चाहन्न, त्यसमा सरकार आफै लाग्नुपर्ने हुन्छ । मान्छेको सडक र बिजुलीको सडक अर्थात् विद्युत प्रसारण लाइन त्यस्तै पूर्वाधार हुन् ।

हामीले खोलाको लाइसेन्स लिएर विद्युत् उत्पादन गर्न एमसीसी सहयोग लिएको होइन । त्यसमा स्वदेशीदेखि भारतीय र चिनियाँ लगानी आइरहेछ । अहिलेका सबै आयोजनाले उत्पादन थालेको दिन हामीसँग विद्युत सरप्लस हुन्छ र त्यो खेर जान्छ । तिनले उत्पादन गर्ने बिजुली देशभर पुऱ्याउन र भारत निकास गर्न सजिलो होस् भने 'ट्रान्समिशन लाइन' बनाउन यो अनुदान मागिएको हो । हामीले पहिले नै खरीद सम्झौता गरेर आयोजना बन्न दिएकाले खेर गए पनि त्यसको पैसा हामीले तिर्नुपर्छ । अर्को कुरा, मागभन्दा उत्पादन बढी भएको क्षेत्रमा नयाँ लगानी भित्रिने कुरो भएन । देशभित्रै पनि विद्युत वितरणमा समावेशिता छैन । एउटा क्षेत्रमा सरप्लस र अर्कोमा अभाव देखिन्छ । प्रसारण लाइनले यो समस्या समाधान गर्छ ।

सिङ्गो प्रोजेक्ट नै यही र यत्ति थियो । सम्झौताका अन्तर्राष्ट्रिय प्रचलन अनुसारका 'वर्डिंग' त्यहाँ थिए । जुन हामीलाई अस्वाभाविक लागे । तर, लिखित रूपमै त्यसको जबाफ पनि एमसीसीले पठाएको थियो ।

अचम्म र दुःख लाग्दो कुरो के देखियो भने एमसीसीमार्फत्  बनाउने भनिएको सडकको स्तर, हाम्रो पछिल्लो आवश्यकता, साइज या गुणस्तरबारे कसैले पढेको र संशोधन गर्नपर्छ भनेको देखिएन । पाँच/सात वर्षअघि डिजाइन र पहिचान भएको प्रसारण लाइनको क्षमता, प्रविधि र लोकेशन अहिलेको आवश्यकतासँग म्याच गर्छ कि गर्दैन ? त्यसको डिजाइनमा कुनै कमी छ कि या त्यसलाई अझ इफिसियन्ट बनाउने सम्भावना छ कि भनेर कसैले संशोधनको बहस चलाएको देखिएन ।

एउटा प्रोजेक्ट कसले, कहिले, कुन स्रोतबाट, कतिमा कसरी बनाउने भन्ने सम्झौतामा हामीले प्रोजेक्टबारे, यसको गुणस्तरबारे केही पढेनौं । सम्झौताका ती बूँदा कसैले फेसबुकमा राखेर बहस गरेको देखिएन । हामीले त यसलाई राजनीतिक दस्ताबेजका रूपमा पढ्यौं । कहाँनिर कुन शब्द टिपेर राजनैतिक अर्थ लगाउन सकिन्छ भन्नेमैं हाम्रो सबै ध्यान गयो ।

शायद, हामीले गर्ने अन्य सम्झौताहरूमा पनि विषयवस्तु भन्दा यस्तै शब्दजालमा धेरै ध्यान दिने हुनाले ठगिएका हौं कि जस्तो लाग्ने । प्रस्तावना भन्दा भित्र हामी नपस्ने रहेछौं । संविधान पनि यसको उदाहरण हो । प्रस्तावनामा कुन आन्दोलनको नाम के भनेर लेख्ने, कतिवटा प्रदेश लेख्ने भन्नेमा नै ९०% किचलो थियो । भित्रचाहिँ जता जे अर्थ लगाए पनि मिल्ने गरी गल्ती रहेछन् ।

हामीले गर्ने अनेक थरी व्याख्यादेखि राजनैतिक दुनो सोझ्याउन गरिने विरोध प्रदर्शनले यो सम्झौतालाई विकासबाट राजनैतिक सन्धिजस्तो बनाएको छ । उदाहरणका लागि एप्लाई गर्नेदेखि विभिन्न चरणमा सम्झौता गर्ने हाम्रै नेता र पार्टीले सडकदेखि सदनसम्म एमसीसी चीनलाई घेर्न ल्याएको हो भनेर बयान दिएपछि चीन सशंकीत हुनु स्वाभाविक नै भयो । तपाईंले घरमा हावा र प्रकाशका लागि झ्याल राख्नुभो तर तपाईंको भाइ या श्रीमतीले नै यो झ्याल त छिमेकीको भित्तोमा थुक्नका लागि हो भन्दै हिंड्ने हो भने एक दिन छिमेकी तपाईंको झ्याल विरोधी भएर निस्किनु नौलो होइन । लौ बिजुलीको खम्बामा रकेट राखेर चीन पड्काउन एमसीसी ल्याइएको हो भनेर ल्याउनेले नै भन्न थालेपछि चीनले प्रश्न उठाउनै नपाउने भन्ने त हुँदैन । सोझै उक्साहट जस्तो मधेशलाई भारतले सिक्किम बनाउन आँटेको छ भनेर सदनमा भाषण गर्ने हामी हौं । सदन र सरकारको काम त त्यस्तो संवेदनशील र गोप्य सूचना पाए कसरी त्यो योजना डिफ्यूज गर्ने भन्ने तैयारी पो गर्ने हो । हामी यस्तै छौं ।

हेर्नुस् त हाम्रो कूटनैतिक स्तर र बुद्धि ! अनावश्यक रूपमा तेस्रो देशको नाम मुछेर चीन घेर्ने योजना हो भन्ने पनि आफै, माग्ने पनि आफै, सडकमा मुर्दावाद भन्ने पनि आफै र पास गर्ने पनि आफै ! अब तेस्रो देशले कुनचाहिँ कुरो पत्याउनु ? लौ अमेरिकी सेना आउँछ, हाम्रो संविधान खारिज हुन्छ, अमेरिकी कानुन लागू हुन्छ भनेर भाषण गर्दै पास गरेपछि त अमेरिकाले के सोच्ने ? यो त खुला निम्तो जस्तो भएन ? कति काँचो र सस्तो राजनीति होला ?

द्विपक्षीय सम्झौतामा कुनै एक पक्षको व्याख्यात्मक घोषणाको कानुनी महत्व कम नै होला, तर शून्य भन्ने त हुँदैन । त्यसमाथि पनि एमसीसी आफैले लिखित रूपमा यसको व्याख्या गरिसकेकाले उसले हाम्रो व्याख्या स्वीकार गर्न सक्छ । तर, यो कुनै नयाँ र क्रान्तिकारी उपाय भने होइन । व्याख्या बाझियो भने सम्झौता खारिज गर्ने रे । त्यो हक त व्याख्या नगरी कनै पनि छँदै छ नि ।

एमसीसी त के हो भन्ने पाँच वर्षमा बने या नबनेपछि सबैलाई थाहा होला, तर हाम्रो बहुरूपिया र तुच्छ राजनैतिक स्वार्थ या आइडियोलोजीको तुष्टिका लागि छिमेकीलाई भड्काउने राजनीतिले कुनै दिन देशमा ठूलै संकट भने आउन सक्छ !

# दैलेखमा स्थानीय निर्वाचनको तयारी शुरु



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १५ फागुन

जिल्ला निर्वाचन कार्यालय दैलेखले स्थानीय तहको निर्वाचनको तयारी शुरु गरेको छ । आगामी वैशाख ३० मा हुने स्थानीय तहको निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय दैलेखले सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम गरी सुझाव संकलन मतदाता नामावलीको अध्यावधिकमा जुटेको हो । कार्यालयले जिल्लाका राजनितिक दल, स्थानिय तह प्रमुख एवं प्रतिनिधि र पत्रकार,अन्य सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम गरेको जिल्ला निर्वाचन कार्यालय दैलेखकी जिल्ला निर्वाचन अधिकारी मनमाया काउचाले मध्यान्हलाई जानकारी दिइन् ।

स्थानीय तहको निर्वाचनको मिति घोषणा भएलगत्तै निर्वाचन सम्बन्धि कामहरु अगाडि बढिसकेको जिल्ला निर्वाचन अधिकारी काउचाको भनाई छ ।

२०७८ बैशाख २९ गतेसम्म १८ वर्ष उमेर पुरा भई मतदाता नामावलीमा नाम दर्ता गराएका नेपाली नागरिकले निर्वाचनमा मतदान गर्न पाउने उनले बताइन् । कार्यालयको तथ्यांक अनुसार दैलेखमा १ लाख ६१ हजार १ सय २० जना मतदानका लागि महिला ८० हजार ३ सय ६६ र पुरुष ८० हजार ७ सय ५४ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका छन् ।

उनका अनुसार आठबीस नगर पालिकामा १६ हजार ७ सय ६ गुराँस गाउँपालिकामा १३ हजार ६ सय ५४, चामुण्डा बिन्द्रासैनी नगर पालिकामा १४ हजार ९ सय ८३ ठाटीकाँध गाउँपालिका १० हजार ४ सय ९७, डुबेश्वर गाउँपालिका १० हजार ६ सय ९७ दुल्लु नगर पालिकामा २५ हजार ९सय २९नारायण नगरपालिकामा १८ हजार १ सय ६२ नौमुले गाउँपालिका १३ हजार१सय ३, भगवतीमाई गाउँपालिका ११ हजार ६ सय ६२ भैरवी गाउँपालिका १३ हजार १ सय ५५ र महाबु गाउँपालिका १२ हजार ५ सय ७२ जना मतदाता नामावली रहेको छन् । १ लाख ६१ हजार १ सय २० जनामध्ये पनि विवरण सच्याउने कार्य अन्तिम नामावलीमा मतदाता संख्या घट्न सक्ने जिल्ला निर्वाचन अधिकारी काउचाको भनाई छ।

यस्तै कार्यक्रममा दैलेखका प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले मतदानमा सहभागिता जनाउन पाउने हरेक नागरिकको अधिकार रहेको र निर्वाचन कार्यालयले सञ्चालन गरेको मतदाता नामावली अध्यावधिक कार्यक्रममा सबैले सहभागिता जनाउन आग्रह गरे। आम नागरिक सचेत नभए मतदानबाट वञ्चित हुने बताउँदै प्रमुख जिल्ला अधिकारी प्याकुरेलले आफ्नो मतदाता नामावलीमा केही त्रृटि भएको छ की भनेर सम्बन्धित पालिकामा सबै मतदाताहरूले जानकारी लिनुपर्ने बताए । उनले मतदाता नामावली अध्यावधिकलाई प्रभावकारी बनाउन राजनीतिक दल, संघ/संस्थाका पदाधिकारी, नागरिक समाजलगायतले सहयोग गर्नुपर्ने बताए ।

# प्राध्यापक खत्री अमेरिकाका लागि राजदूत नियुक्त



**काठमाडौं/मस**–राष्ट्रपति विद्यादेवी भण्डारीले प्राध्यापक श्रीधर खत्रीलाई संयुक्त राज्य अमेरिकाका लागि नेपालको आवासीय राजदूतमा नियुक्त गरेकी छन् ।

नेपालको संविधानको धारा २८२ अनुसार मन्त्रिपरिषद्को सिफारिसमा उनले प्राध्यापक खत्रीलाई राजदूत पदमा आइतबार नियुक्त गरेकी हुन् । मन्त्रिपरिषद्को गत कात्तिक ११ गतेको बैठकले प्राध्यापक खत्रीलाई अमेरिकाका लागि राजदूतमा नियुक्त गर्न सिफारिस गरेको थियो ।

नव नियुक्त राजदूत खत्री परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानका पूर्वकार्यकारी निर्देशक हुन् ।


**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **ब्लु ग्यालेक्सि ओभरसिज प्रा.लि. (ई.प.नं.१८६)** ले आफ्नो साविकको ठेगाना **जिल्ला का.म.न.पा. वडा नं. २९** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ०९**, कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## साउदीमा रोजगारको अवसर
कम्पनी : JAWA HUMAN RESOURCES CO.
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०९/२३ चलानी नं.: ६०१७२२६३ L.T. No.: 255599 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 2000 | ६४,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np



## ए.स. इन्टरनेशनल ग्रुप प्रा. लि. को सम्बन्धित सरोकारवाला कर्मचारीहरू हटाईएको सूचना

यस प्रा.लि.मा कार्यरत कर्मचारीहरु खुश गोले स्थायी ठेगाना मरिन गाउपालिका -६, सिन्धुली ठेगाना ललितपुर महालक्ष्मी नगरपालिका -५, एकाउन्टेन, मनोज कुमार राउत स्थायी रौतामाई गाउपालिका-७, उदयपुर, अस्थायी काठमाडौं टोखा नगरपालिका, पिआर अफिशर, तिलक कुमार शरु स्थायी लक्ष्मीनिया –०६, महोत्तरी, अस्थायी काठमाडौं महानगरपालिका सामाखुसी -२६ ओभरसिज मार्केटिङ, यस कार्यालयबाट हटाई सकेको हुनाले अब यस कार्यालयमा उहाँहरुको कुनै पनि उपस्थित नभएको कारणले निज व्यक्तिहरुसँग यस प्रा.लि सँग सम्बन्धित कुनै पनि काम, कारोबार नगर्न नगराउनहुन हार्दिक अनुरोध गर्दछौं । साथै निज व्यक्तिहरुलाई यस कार्यालयबाट हटाईएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182
Email- asintldemand@gmail.com



## साउदी अरबमा वैदेशिक रोजगारको अवसर
कम्पनी: NORTHERN TRANSPORT
शहर: DAMMAM

पुर्व स्वीकृत मितिः २०७८/११/१५ चलानी नं.: ६०१७५१३३ L.T. No.:258438

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,६५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ४९५३३२१, ४९५५९९०
mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np



## कतारमा रोजगारको अवसर
कम्पनी: GULF DREAM TRADING & CONTRACTING CO.WLL
शहर: QATAR

पुर्व स्वीकृत मितिः चलानी नं.: ६०१७५१७१ LT. No.: 258403

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Instal Technician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,६५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 10 | 0 | | 1000 | ३२,८१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu
Tel.: 01-4586262, Fax: 4486263 | Mob.: 9851010834, 9851005776
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी: OUTSTAINDING RATIO CAFE TO SERVE DRINKS.
शहर: ABHA

पूर्व स्वीकृत मितिः २०७८/११/१५ चलानी नं.: ६०१७५१५१ LT. No.: 258652

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Continental Manpower (Nepal) Pvt. Ltd.**
Jawalakhel-20, Lalitpur, Tel: 5551111, 5552222, Fax : 5530361
Gov. Lic No. 190/057/058 Email: info@continentalnepal.com, Web.: www.continentalnepal.com



## Kuwait मा बैदेशिक रोजगारको अवसर
Company : Anwar Line Electrical Equipment Trading & Maintenance Co.

पूर्व स्वीकृती मिति: २०७८/११/१६ चलानी नं. [illegible] LT No. 258667

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electrician | 50 | काममा दक्ष | 120 | ४७,७९९/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |

[illegible]

**अन्तरवार्ता २०७८ फागुन २३ गते (Mar.7, 2022) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।**

[illegible]

**AAROHI H.R. SOLUTIONS PVT. LTD.**
Tokha-5, Basundhara, Kathmandu, Tel No.: 4961807, 4962925
Mob. : 9851002451, Email: info@aarohihrsolutions.com



## साउदीमा रोजगार
कम्पनी: TECHNICAL AL-FADI CONTRACTING
शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/०८/२० चलानी नं.: ६०१६९७४६ LT. No.: 251824 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,०३० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Ajeets Management and Development Company Pvt. Ltd.**
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391
E-mail : nepalajeets@gmail.com



## कतारमा रोजगारको अवसर
कम्पनी: PROCESS CHEMICAL TECHNOLOGY
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०९/१३ चलानी नं.: ६०१७१४३५ L.T. No.: 254694 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५५,७७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 40 | 0 | | 1000 | ३२,८१० | | | | | | | |
| 3. | Plumber | 2 | 0 | | 1300 | ४२,६५३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Al Raas Recruitment Services Pvt. Ltd.**
Gov. Lic No. 1140/073/074
Sukedhara-4, Kathmandu, Nepal, Tel : 01-4375437, 984450149/9849813471
Email : alraasreception7@gmail.com



## साउदीमा रोजगार
कम्पनी : RIYADAH AL JAWDAH COMPANY LTD. ONE PERSON COMPANY
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/११ चलानी नं.: ६०१६३९०७ LT. No.: 245709 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५७,६५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अरनिको ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. २६७/०५८/०५९
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com



## यूएईमा रोजगारको अवसर
कम्पनी: : AL JAZEERA INTERNATIONAL CATERING L.L.C
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/११/१५ चलानी नं.: ६०१७५१६९ LT. No.: 258711

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 36 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Famale) | 0 | 2 | | 1000 | ३२,७२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ६८८/०६३/०६४
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं
फोनः ४३७९०९१, ४३७६५६६, फ्याक्सः ४३७९०४७, Email: ayushintl007@gmail.com



## साउदीमा रोजगार
कम्पनी: BRANCH OF SAUDI ALLIANCE FOR REAL ESTATE DEVELOPMENT
शहर: KSA

पूर्व स्वीकृत मितिः २०७८/११/१५ चलानी नं.: ६०१७५१५८ LT. No.: 258586

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electricity Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanical TechnicianLabour | 2 | 0 | | 2000 | ६३,४४० | | | | | | | |
| 3. | Labor | 6 | 0 | | 1000 | ३१,७२० | | | | | | | |
| 4. | Whole Vehicle Driver | 1 | 0 | | 2500 | ७९,३०० | | | | | | | |
| 5. | Truck Driver | 2 | 0 | | 1800 | ५७,०९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com



## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१६ फागुन २०७८, सोमबार
28 February 2022, Monday

# समुदायस्तरसम्म बाँके रेडक्रसको सेवाः एक वर्षमा ४ लाख बढी लाभान्वित



**पवन जायसवाल/मध्यान्ह**
बाँके, १५ फागुन

नेपाल रेडक्रस सोसाइटी बाँकेले एक वर्षमा ४ लाख बढी नागरिकलाई सेवा पुऱ्याएको छ। जिल्ला शाखाको ४० औँ वार्षिक साधारण सभामा आ.ब. २०७७/२०७८ मा ४ लाख ३६ हजार ८ सय ५४ जना लाभान्वित भएको जानकारी गराइएको हो।

आइतबार बाँकेमा आयोजित ४० औँ वार्षिक साधारण सभाको लुम्बिनी प्रदेशका वन, वातावरण तथा भू-संरक्षण मन्त्री सुरेन्द्रबहादुर हमालले उद्घाटन गरेका छन्।

सभाका प्रमुख अतिथि हमालले मानवीय सेवामा सधैं अग्रसर रहने, नेपाल रेडक्रस सोसाइटीको प्रशंसा गर्दै लुम्बिनी प्रदेश भरी निःशुल्क रगत उपलब्ध गराउन र रक्तसञ्चार सेवाको भौतिक विकासका लागि प्रतिबद्धता व्यक्त गरे।

सभामा रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्द्धन सिंह सम्झनाले समिक्षात्मक सम्बोधन गर्दै कोरोना महामारी रोकथामका लागि स्वयंसेवक परिचालन भई समुदायसम्म रेडक्रसको सेवा पुगेको बताए।

